# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) धनगढी, नेपाल, असोज २ गते, २०८१ साल (अतिरिक्ताङ्क ७

## भाग १

## सुदूरपश्चिम प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

नेपालको संविधान बमोजिम सुदूरपश्चिम प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०८१ सालको ऐन नं. ३

<u>सुदूरपश्चिम प्रदेश सामयिक राजस्व संकलन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन</u>



**प्रस्तावनाः** प्रदेशमा राजस्व संकलन गर्न अधिकार प्रदान गर्ने कानून निष्प्रभावी भएको अवस्थामा कानून बमोजिम नियमित राजस्व संकलन गरी सेवा सुचारु गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश सामयिक राजस्व संकलन सम्बन्धी ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अघिल्लो दिन" भन्नाले सालबसाली आर्थिक ऐनको म्याद समाप्त हुने मितिभन्दा एक दिन अगाडी वा आर्थिक अध्यादेश निष्कृय वा खारेज भएको मितिभन्दा एक दिन अगाडीमध्ये जुन पछि आउँछ सोही दिनलाई सम्झनु पर्छ।

(ख) "राजस्व" भन्नाले प्रदेशको सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेश बमोजिम लगाइने घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क दस्तुर तथा दण्ड जरिवाना सम्झनु पर्छ र सो शब्दले प्रदेशको क्षेत्रभित्र रहेका कर लाग्ने अन्य विषय समेतलाई जनाउँछ।

(ग) "विशेष परिस्थिति" भन्नाले प्रदेशभित्र राजस्व संकलन गर्ने सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशको अवधि समाप्त भई अर्को नयाँ सालबसाली आर्थिक ऐन प्रमाणीकरण भई राजपत्रमा प्रकाशन भई नसकेको वा आर्थिक अध्यादेश जारी हुन नसकेको समयावधिलाई सम्झनु पर्छ।

३. **<u>यस ऐन बमोजिम राजस्व संकलन गर्ने अधिकारः</u>** (१) प्रदेशमा विशेष परिस्थितिको समयमा राजस्व संकलन गर्न विशेष परिस्थिति सिर्जना हुनु भन्दा अघिल्लो दिन जुन दर कायम रहेको थियो सोही बमोजिम राजस्व संकलन गर्ने कार्यलाई निरन्तरता दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम राजस्व संकलन गर्न प्रदेश सरकारले कुनै आदेश जारी गर्न वा राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने छैन।

(३) विशेष परिस्थितिमा राजस्व संकलन गरिएको दरभन्दा त्यसपछि जारी हुने सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशमा बढी दर कायम भएमा त्यस्तो ऐन वा अध्यादेश लागु भएको मितिदेखि मात्र बढी दरमा संकलन गर्नुपर्नेछ।

(४) प्रदेश सरकारको सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशमा तोकिएको दर बमोजिम नै स्थानीय तहले संकलन गर्ने राजस्वको हकमा समेत उपदफा (१) बमोजिम गर्नुपर्नेछ।





४. **<u>राजस्व संकलन गर्न सकिने</u>**: (१) विशेष परिस्थिति समाप्त भई सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेश लागु भएमा सोही ऐन वा अध्यादेश बमोजिम राजस्व संकलन गर्नु पर्नेछ।

५. **<u>नियम बनाउने अधिकार:</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

६. **<u>यस ऐन बमोजिम हुनेः</u>** राजस्व संकलन, नियमन र बाँडफाँट गर्ने सम्बन्धमा यस ऐनमा लेखिएको विषयमा यस ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

७. **<u>बचाउः</u>** यो ऐन जारी हुनु अघि विशेष परिस्थिति सिर्जना भई सो समयमा राजस्व संकलन सम्बन्धी भए गरेको काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**प्रमाणीकरण मितिः२०८१।०६।०२**

**आज्ञाले,**
**लिलाधर सुवेदी**
**प्रदेश सरकारको सचिव।**



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. ५।-